# तिलोत्तमा नगरपालिका

☎:०७१-५६०२३०

## नगर कार्यपालिकाको कार्यालय

**मणिग्राम, रुपन्देही ५ नं. प्रदेश, नेपाल**

प.सं.:०७५।७६
च.नं.: 3325

मिति: २०७५।१२।१०

**विषय : मेलमिलापकर्ता सूचिकृत गर्ने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा यस तिलोत्तमा नगरपालिकाको न्यायिक समिति समक्ष निवेदन परेका विवादहरुको न्याय सम्पादन प्रक्रिया स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ४९ अनुसार मेलमिलापकर्ताको माध्यमबाट मेलमिलापद्धारा गर्नुपर्ने कानूनी व्यवस्था भए अनुरुप यस नगरपालिकामा मेलमिलापकर्ताहरु सुचिकृत गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित योग्यता र कागजातहरु सहित मिति २०७१।२।१७ गते भित्र नगरपालिकाको कार्यालयमा सम्पर्क गरि सूचिकृत हुनको लागि यस नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७५।१०।०५ र न्यायिक समितिको मिति २०७५।१२।१० को बैठकको निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

०७५।१२।१०
**सागर गौतम**
शाखा अधिकृत

<u>तपसिल</u>

<u>आवश्यक योग्यता :</u>

१. प्रचलित कानुन अनुसारको योग्यता पुगेको ।
२. कुनै राजनीतिक दलप्रति आस्था राखि राजनीतिमा सक्रिय नभएको ।
३. स्थानीय स्तरमा समाजसेवीको रुपमा पहिचान बनाएको ।
४. मेलमिलापकर्ताको ४८ घण्टा तालिम लिई मेलमिलापकर्ताको कार्य गर्दै आएको ।
५. २५ वर्ष उमेर पुरा भएको ।

<u>आवश्यक कागजातहरु :</u>

१. नागरिकता प्रमाणपत्रको छायाँकपी ।
२. शैक्षिक योग्यताको प्रमाणपत्रको छायाँकपी ।
३. मेलमिलापको तालिम प्राप्त गरेको प्रमाणपत्रको छायाँकपी ।
४. मेलमिलाप सम्बन्धी अनुभव र
५. व्यक्तिगत विवरण (Bio-data)

<u>सूचिकृत दस्तुर</u> : रु. १०० ।